**मन्थली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मन्थली**
**३ नंवर प्रदेश, नेपाल**

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्वन्धी राय सुझावका लागी सार्वजनिक सुचना

**(प्रथम पटक प्रकाशित मिति २०७५।०६।०९ )**

मन्थलि नगरपालिकाको कार्यालयद्धारा प्रस्तावित विभिन्न नदी किनारहरुबाट ढुङ्गा,माटो,गिट्टी,रोडा वालुवा उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यान्वयन गर्ने शिलशिलामा वातावरण संरक्षण नियमावली २०५४ को नियम ७(२) अनुसारको सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।
प्रस्तावकको नामः मन्थली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप ।
प्रस्तावित उत्खनन् कार्यले प्रभाव पार्ने क्षेत्र तथा प्रस्तावको विवरणः

| सि.न. | IEE गर्ने नदी,खोलाहरु | अध्ययन गरिने क्षेत्रहरु | प्रभावित हुन सक्ने क्षेत्र |
|---|---|---|---|
| १. | सुनकोशी नदी | सुनकोशी र तामाकोशीको दोभान देखि नवु घाटको उत्तरी किनारा सम्म | सेले घाट, नवु घाट |
| २. | तामाकोशी नदी | सुनकोशी र तामाकोशीको दोभान देखि कठजोर खोला दोभानको पूर्वि किनार र भटौली खोला दाभान देखि मिल्ती खोला दोभानसम्मको पशिचमी किनार क्षेत्र देखि गेलु पुछर सम्म | सेलेघाट, मसानटार, हात्तिटार, रजगाँउको भित्तो, ठेडिखोला, कुनौरी वगर,ओडारे,गेलुको पुछार |
| ३. | सुकाजोर खोला | तामाकोशी देखि छेरुवा खोला सम्म | विटार , छेरुवा खोला |
| ४. | रणजोर खोला | तामाकोशी देखि सिम्ले वगर सम्म | रणजोर वगर, खाँदवारी,सुनारपानी, टशलटार वगर, सिम्ले दोभान |
| ५. | मिल्ती खोला | तामाकोशी मिल्ती खोला दाभान देखि मिल्तीखोलाको दक्षिणी किनार क्षेत्र | देवीटार, मिल्ती |
| ६. | भटौली खोला | भटौली तामाकोशी दाभान देखि भटौली खोलाको उत्तरी किनार क्षेत्र | भटौली |

यस उत्खनन् कार्य गर्नु भन्दा अगाडी पुर्व वातावरण परीक्षण नियमावली २०५४ को अनुसूची १(ई) खानी क्षेत्र (५ नं.वुँदा) अन्तर्गत प्रारम्भिक वातावरणको सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक,भौगर्भिक, जैविक तथा रासायनिक क्षेत्रमा पर्न सक्ने प्रभावको बारेमा सम्बन्धित स्थानिय तह,विद्यालय,स्वास्थ्य चौकी, वन उपभोक्ता समिति तथा अन्य सरोकारवाला ब्याक्ति वा संथाले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो राय सुझाव पठाई सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ ।

**राय सूझावको लागि पत्राचार गर्ने ठेगाना**
मन्थली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप
फोन नं. ०४८-५४०११२
Website: www.manthalimun.gov.np

प्रमुख प्रशासकिय अधिकृत